## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२" (Environmental Impact Assessment Guidelines for the Forestry Sector, 1995) रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "निर्देशिका" भन्नाले वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ सम्झनु पर्दछ ।

(ख) "मूल्याङ्कन" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) सम्झनु पर्दछ ।

(ग) "प्रस्ताव" भन्नाले नेपाल अधिराज्यमा संचालन हुने वन विकास सम्बन्धी वा वन क्षेत्रमा प्रभाव पार्ने जुनसुकै योजना वा आयोजना सम्बन्धी प्रस्ताव वा वन पैदावारमा आधारित उद्योग स्थापना सम्बन्धी प्रस्ताव सम्झनुपर्छ ।

(घ) "प्रस्तावक" भन्नाले वन सम्बन्धी योजना वा आयोजना संचालन गर्न प्रस्ताव गर्ने निकाय, संस्था वा व्यक्ति सम्झनुपर्छ ।

(ङ) "छनौट" भन्नाले कुनै पनि प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक भए नभएको कुरा निर्धारण गर्ने कार्य सम्झनु पर्छ ।

(च) "प्रभाव न्यूनीकरण उपाय" भन्नाले वातावरणमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभाव घटाउन वा पूर्ण रुपमा हटाउन तथा अनुकूल प्रभावहरु अभिबृद्धि गर्न अपनाइने विभिन्न किसिमका विकल्पहरुको खोजी र सुधारात्मक, प्रतिरोधात्मक तथा क्षतिपूर्तीका उपायहरुको अबलम्बन सम्झनुपर्छ ।

(छ) "अनुसूची" भन्नाले यसै निर्देशिकाको अनुसूची सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८४

## परिच्छेद – २

## निर्देशिकाको उद्देश्य र प्रयोग

३. उद्देश्यः निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) दीगो रुपमा वन विकास सुनिश्चित गरी वन जंगल जस्तो पुनर्नवीकरणीय स्रोतहरुलाई जनताको सामाजिक आर्थिक विकासको निमित्त उपयोग गर्ने,

(ख) कुनै पनि प्रस्ताव सामाजिक तथा सांस्कृतिक रुपले स्वीकार योग्य, आर्थिक दृष्टिले उपयुक्त र वातावरणीय दृष्टिले हानी नपुऱ्याउने खालका छन् भनी सुनिश्चित गर्ने,

(ग) वन जंगलमा भएका वन्यजन्तु र वनस्पतिको वंशाणु स्रोत संरक्षण गर्नु र नेपाली जनताको आधारभूत आवश्यकताहरु जस्तै-दाउरा, घांसपात, चरन, पतकर, काठ, वनजन्य खाद्य, जडिबुटी, भूमि र पारिस्थिकीय प्रणाली (Eco-system) मा वातावरणीय नोक्सानी कम गर्न तथा वन जंगलबाट अधिकतम वन पैदावार उत्पादन गर्ने र कृषि भूमिको उत्पादन शक्ति कायम राख्ने,

(घ) योजना र ब्यवस्थापन कार्यनीति र प्रविधिको उपयोग वातावरण र जनताको आवश्यकता परिपूर्ति गर्ने तर्फ उपयुक्त भए नभएको सुनिश्चित गर्ने र वन विकास कार्यक्रमको संचालनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने भएमा सोको समाधानको प्रावधान योजना तर्जुमा कै चरणमा समावेश गर्ने,

(ङ) अन्य निकायहरुबाट संचालन हुने विकास कार्यक्रमहरुबाट वन क्षेत्रमा पर्ने वा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरु पहिचान गर्न वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनलाई प्रोत्साहित गर्ने,

(च) खण्ड (क) देखि (ङ) सम्ममा उल्लेख भएका उद्देश्यहरु प्राप्त गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८६

सहयोग पुऱ्याउने ।

४. **निर्देशिकाको प्रयोग:** निर्देशिकाको प्रयोग देहायका संस्था वा व्यक्तिले गर्ने छन् :-

(क) प्रस्तावक,

(ख) वन तथा भू-संरक्षण मन्त्रालय,

(ग) प्रस्तावसंग सम्बन्धित मन्त्रालय, विभाग वा कार्यालय,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनमा संलग्न परामर्शदाता,

(ङ) वातावरणसंग सरोकार राख्ने कुनै समूह र सम्बन्धित जनसाधारण ।

५. **निर्देशिकाको प्रयोग गर्नु पर्ने अवस्था:** देहायको अवस्थामा यो निर्देशिकाको प्रयोग गर्नु पर्नेछ :-

(क) वन क्षेत्र र वनमा प्रत्यक्ष असर पार्ने प्रस्तावमा,

(ख) वृक्षारोपण, भू-क्षय नियन्त्रण, वन्य जन्तुको वासस्थान संरक्षण, वनजन्य उद्योगको विकास जस्ता प्रस्तावमा,

(ग) वन क्षेत्रमा कार्यान्वयन हुने तर वन क्षेत्रबाट शुरु नभएका प्रस्तावमा,

(घ) राष्ट्रिय निकुञ्ज र अन्य त्यस्तै संरक्षित क्षेत्रहरु वन तथा भू-क्षयमा प्रत्यक्ष: प्रभाव पार्ने जल विद्युत, सडक, सिंचाइ, ढुँङ्गा खानी, खानेपानी, पुनर्वास, कृषि, पर्यटन र पशु विकास र वन पैदावार को उपयोग संग सम्बन्धी विकास प्रस्तावहरुमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८ ८

## परिच्छेद - ३

## प्रस्तावको छनौट र वर्गीकरण

६. **प्रस्तावको छनौट**: (१) वन विकास आयोजना सम्बन्धी प्रस्ताव वा वन पैदावारमा आधारित आयोजना सम्बन्धी प्रस्तावहरुको सामाजिक र वातावरणीय स्वीकार्यता निर्धारण गर्न र सो प्रस्तावको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा प्रस्तावको छनौट गर्नु पर्नेछ ।

(२) आयोजनाको आकार प्रकार, संचालन हुने स्थान, लाग्ने रकम, र त्यसको आवश्यकता जे जस्तो भए पनि सबै प्रकारको प्रस्ताव उपदफा (१) बमोजिम छनौट गर्नु पर्नेछ ।

(३) प्रस्तावको छनौट प्रकृयाले प्रस्तावलाई निम्न बमोजिम तीन वर्गमा विभाजन गर्नेछ :-

(क) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक नपर्ने,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने वा नपर्ने कुरामा द्विविधा भएको ।

(४) प्रस्तावको छनौट सम्बन्धी कार्य वन तथा भू-संरक्षण मन्त्रालय वा सो अन्तर्गत रहेका विभागहरुले गर्नेछन् ।

७. **प्रस्ताव छनौटका आधारहरुः** (१) कुनै पनि प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने नपर्ने सुनिश्चित गर्न आवश्यक प्रस्ताव छनौटका आधार हरुको निर्धारण गर्नु पर्दछ ।

(२) उपदफा (१) को व्यवस्थाको अधिनमा रही राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को दफा ८ को उपदफा (१) बमोजिम प्रस्ताव छनौटका आधारहरु निर्धारण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८८

(३) कुनै प्रस्तावबाट वातावरणमा पर्ने सम्भावित प्रभाव बारे पूर्ण रुपमा जानकारी नभएमा वा सोको प्रभाव अनिश्चित भएमा पनि वातावरणीय प्रभाव मूल्याङ्कन गरी भविष्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गर्नु पर्नेछ ।

(४) छनौट प्रकृयामा कुनै पनि विकास कार्यक्रमको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा त्यसबाट जैविक, भौतिक, सामाजिक र आर्थिक वातावरणमा पर्ने प्रभाव बारे जानकारी लिनुका साथै प्रस्तावको आकार, कार्यान्वयन स्थल, लाग्ने खर्च तथा कार्य क्षेत्रको वातावरणीय संवेदनशीलता आदि समेतको विचार गर्नु पर्नेछ ।

८. **प्रस्तावको वर्गीकरणः** प्रस्तावबाट वातावरणमा पर्ने प्रभाव अनिश्चित भएमा त्यस्ता प्रस्तावलाई प्रारम्भिक वातावरणीय परीक्षण गरी देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछः-

(क) थप मूल्याङ्कन गर्नु नपर्ने प्रस्ताव,

(ख) पूर्ण वा आंशिक रुपमा प्रस्तावमा परिवर्तन गरी स्वीकृतिको लागि पेश गर्नुपर्ने प्रस्ताव,

(ग) प्रारम्भिक वातावरणीय परीक्षणबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको प्रकृति, सीमा र परिमाण बारे प्रष्ट उत्तर नपाइएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव ।

## परिच्छेद – ४
## प्रारम्भिक वातावरणीय परीक्षण

९. **प्रारम्भिक वातावरणीय परीक्षणः** (१) कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने नपर्ने बारेमा निर्णयकर्ताहरुलाई थप जानकारी दिन, सम्बन्धित प्रस्तावबाट वातावरणमा पर्न सक्ने मुख्य मुख्य प्रभावको पहिचान गर्न, अनुकूल र प्रतिकूल प्रभावहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
968-5

के के हुन सक्छन् र प्रतिकूल प्रभाव कम गर्ने ज्ञान र सीपको उपलब्धता बारे उल्लेख गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ ।

(२) प्रारम्भिक वातावरणीय परीक्षणबाट देहायका कुराहरु स्पष्ट हुनु पर्नेछ :-

(क) प्रस्ताव कार्यन्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने अनुकूल र प्रतिकूल प्रभावहरु के के हुन् ?

(ख) विकास प्रस्तावसंग सम्बन्धित महत्वपूर्ण प्रभावहरु के के हुन् ?

(ग) यी प्रभावहरुको प्रकृति के के हुन् ?

(घ) प्रतिकूल प्रभावलाई कसरी कम गर्न सकिन्छ ?

(ङ) अनुकूल प्रभाव कायम गर्न सक्ने संभावना छ कि छैन ?

(च) अनुकूल प्रभावहरुको फाइदा निश्चित छ कि छैन ?

(छ) प्रस्ताव कार्यान्वियन गर्न अनुमानित महत्वपूर्ण प्रभावहरु कम गर्ने ज्ञान र सीप उपलब्ध छ कि छैन ?

(ज) प्रतिकूल प्रभावलाई कम गर्न थप जानकारीको आवश्यक भएमा प्रस्ताव पुनरावलोकन तथा परिस्कृत गर्नका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु आवश्यक छ कि छैन ?

(झ) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभाव बारे कुनै पूर्व अनुभव छ कि छैन ?

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-१ मा उल्लिखित प्रस्तावहरुको सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने छैन ।

(४) अनुसूची-२ मा उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 150

(५) कुनै पनि प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रकृयाको उपयोग गर्नु पर्नेछ ।

(६) प्रारम्भिक वातावरणीय परीक्षण सामान्यतया प्रस्तावको पूर्व संम्भाव्यता अध्ययनको अवस्थामा गर्नु पर्नेछ ।

(७) प्रारम्भिक वातावरणीय परीक्षण गर्ने दायित्व प्रस्तावकमा रहनेछ ।

## परिच्छेद - ५

## वातावरणीय प्रभाव मूल्याङ्कन र सोका लागि क्षेत्र निर्धारण तथा कार्यसूची

१०. **वातावरणीय प्रभाव मूल्याङ्कन:** प्रारम्भिक वातावरणीय परीक्षणबाट वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक देखिएका प्रस्तावहरु र अनुसूची-३ मा उल्लिखित प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

११. **क्षेत्र निर्धारण:** (१) प्रस्तावको छनौट प्रकृया पूरा गरिसकेपछि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्न सक्ने भनी पहिचान भएका प्रस्तावहरुको प्रस्तावित कार्यहरुका विकल्पहरु पत्ता लगाउन तथा उपयुक्त विकल्प छान्न र वातावरणीय प्रभाव मूल्याङ्कन गदा ध्यान दिनु पर्ने विषय निर्धारण गर्ने उद्देश्यले वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण (Scoping) गर्नु पर्नेछ । तर तत्काल संचालन गर्नु पर्ने अध्ययनको हकमा सरल तरिकाले क्षेत्र निर्धारण गर्न सकिनेछ ।

(२) क्षेत्र निर्धारण प्रकृयाले वातावरणीय प्रभाव मूल्याङ्कन कार्यको सीमा तोक्नु पर्ने र देहायका उद्देश्यहरु प्राप्त गर्न सक्ने प्रकृतिको हुनु पर्नेछ :-

(क) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सही पहिचान गरी प्रस्तावसंग सम्बन्धित सबै प्रकारका प्रभावहरुको सम्बन्धमा विचार गर्ने,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन कार्य र प्रतिवेदनको सान्दर्भिकता हेर्ने,

(ग) प्रस्तावको प्रस्तावित कार्यहरुका विकल्पहरु पहिचान गर्ने र महत्वपूर्ण प्रभावहरुको विश्लेषण गर्ने,

(घ) समय र खर्चको बचत हुने किसिमका उत्तम र उपयुक्त मूल्याङ्कन विधिको प्रयोग गर्ने,

(ङ) प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने संभावित पक्षहरु (Parties) को पहिचान गर्ने,

(च) जन सहभागिताको लागि उपयूक्त मौकाहरु प्रदान गर्ने,

(छ) वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सावधानीपूर्वक कार्यसूची (Terms of Reference) निमार्ण गर्ने,

(ज) आवश्यक समय, रकम, प्रशासकीय प्रयास र प्राविधिक पक्षहरु उपलब्ध गराउने ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण शुरुमा मात्र नगरी सो मूल्याङ्कनको सिलसिलामा प्राप्त हुने नयाँ सूचनाको आधार मा पटक पटक पनि गर्न सकिनेछ ।

१२. **क्षेत्र निर्धारणमा संलग्नता**: (१) कुनै पनि प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रकृयामा सो प्रस्तावबाट प्रत्यक्ष असर पर्ने समूह वा पक्ष सबैको संलग्नता हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समूह वा पक्षमा प्रस्तावले प्रभाव पार्ने क्षेत्र हेरी श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका प्रतिनिधिहरु, स्थानीय प्रतिनिधिहरु दातृ संस्थाहरु, गैर सरकारी संस्थाहरु, राजनैतिक दलका प्रतिनिधिहरु तथा सो क्षेत्रका जनता सहभागी हुन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 952

(३) प्रस्तावकले क्षेत्र निर्धारणको शुरु कार्य गर्नु पर्नेछ र यस्को समन्वय, पुनरावलोकन तथा आधिकारिक स्वीकृति वन तथा भू-संरक्षण मन्त्रालय वा सम्बन्धित विभागले गर्नेछ ।

१३. **वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने तरिका**: (१) वन तथा भू-संरक्षण मन्त्रालयले सवै प्रकारका प्रस्तावहरुको लागि एउटा क्षेत्र निर्धारण दिग्दर्शन (Manual) बनाउने छ । त्यसमा देहायका कुराहरु समावेश हुनु पर्नेछ :-

(क) प्रस्तावसंग सम्बन्धित आवश्यक परिचयात्मक सूचना संकलन तथा संयोजन गर्नु पर्ने,

(ख) प्रस्तावले के गर्ने, कहाँ गर्ने, कहिले गर्ने, कसरी गर्ने र किन गर्ने तथा अपेक्षित फाइदा बेफाइदाको रूपरेखा संक्षेपमा तयार गर्ने,

(ग) प्रस्तावमा टिप्पणी गर्न र यसमा राख्नु पर्ने पक्ष समावेश गर्न तथा कार्यमा सरलता ल्याउन जनसहभागिता जुटाउने तरिकाको व्यवस्था गर्ने,

(घ) जनता र प्राविधिक सल्लाहाकारको विशेष चासोको प्रभाव पहिचान गर्ने,

(ङ) पहिचान गरिएका प्रभावहरुको महत्व र तह निर्धारण (Ranking) गर्ने,

(च) प्रस्तावको कुन पक्षमा जानकारीको कमी छ र थप जानकारी आवश्यक छ सो पत्ता लगाउने,

(छ) विशेष चासोका प्रभावहरुको विषयहरुमा ध्यान पुऱ्याई उपयुक्त निर्णयमा पुग्नको निमित्त मूल्याङ्कनको प्राथमिकता तोक्ने ।

(२) प्रस्तावकले क्षेत्र निर्धारणको दिग्दर्शनमा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा अबलम्बन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 152

तर दिग्दर्शन तयार नभएसम्म वन तथा भू-संरक्षण मन्त्रालयले यस निर्देशिकाको अधिनमा रही आवश्यक निर्देशन दिनेछ र प्रस्तावकले त्यस्तो निर्देशन बमोजिम कार्य गर्नु गराउनु पर्नेछ ।

१४. <u>कार्यसूचीको तयारी</u>: वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गरे पछि वातावरणीय प्रभाव मूल्याङ्कन कार्यलाई व्यवस्थित रुपमा अघि बढाउन सामान्यतया देहायका पक्षहरु समावेश हुने गरी कार्यसूची तयार गर्नु पर्नेछ :-

(क) परीक्षण गर्नु पर्ने प्रभावहरु र प्रयोग हुने तरिकाहरु,
(ख) मूल्याङ्कन सम्बन्धी विभिन्न कार्यहरु पूरा हुने मिति र मूल्याङ्कन कार्य सकिने मिति,
(ग) जनसहभागिता जुटाउन प्रयोग हुने तरिका र समय,
(घ) वातावरणीय प्रभाव मूल्याङ्कनको अन्तिम प्रतिवेदनको आकार प्रकार तथा त्यसमा रहने विषयहरुको सूची,
(ङ) प्रस्तावक, समीक्षाकर्ता र अन्य संलग्न व्यक्तिहरुको जिम्मेवारी ।

१५. <u>कार्यसूचीको ढाँचा</u>: (१) कार्यसूची अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि स्वीकृति दिंदा कार्यसूचीमा वन तथा भू-संरक्षण मन्त्रालय वा सम्बन्धित विभागले तोकेको अधिकृतको हस्ताक्षर हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १३४

(३) कार्यसूचीले वातावरणीय प्रभाव मूल्याङ्कन कार्यलाई मार्गदर्शन तथा निर्देशित गर्नेछ । तर सो मूल्याङ्कन कार्य अघि बढ्दै जाँदा कार्य सूचीमा केही कमी महशूस हुन आएमा वन तथा भू-संरक्षण मन्त्रालयले आवश्यक थपघट गर्न सक्नेछ ।

## परिच्छेद - ६

## वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभाव पहिचान, पूर्वानुमान, तह निर्धारण प्रकृया र न्यूनीकरणका उपायहरु

१६. **प्रभावहरुको पहिचानः** (१) प्रस्तावको कार्यान्वयनबाट पर्न सक्ने सामाजिक, आर्थिक, जैविक, भौतिक, रासायनिक एवं सांस्कृतिक जस्ता सबै प्रकारका सकारात्मक एवं नकारात्मक प्रभावहरुलाई शुरुमै पहिचान गरी प्रभावको प्रकृति अनुसार प्रत्यक्ष, परोक्ष, अल्पकालीन, दीर्घकालीन वा संयोजित (Cumulative) के कस्तो हो सो वर्गीकृत गर्नु पर्नेछ ।

(२) वन क्षेत्रका विकास क्रियाकलापको लागि उपयुक्त प्रभाव पहिचान तथा तुलना गर्ने प्रकृया (जस्तै-चेकलिष्ट, म्याट्रिक्स, नेटवर्क आदि) अपनाइ निर्णयकर्ता तथा सर्वसाधारणलाई प्रस्तावको विभिन्न विकल्पहरुको लागत र फाइदाहरु प्रस्तुत गरी प्राथमिकता क्रम अनुसार प्रभावहरुको लेखा जोखा गर्नु पर्नेछ ।

(३) महत्वपूर्ण ठानी छानिएका प्रभावहरुको परिमाण, विस्तार र अवधिको पूर्वानुमान गर्दा प्रस्तावको कार्यान्वयनबाट हुन सक्ने प्रभावमा आधारित हुनु पर्नेछ र सम्भावित प्रभावहरुलाई गुणात्मक वा परिमाणात्मक रुपमा व्याख्या गर्नु पर्नेछ । पूर्वानुमानमा सो को आधार समेत उल्लेख हुनु पर्नेछ ।

(४) वातावरणीय प्रभाव पूर्वानुमानले देहायका कुराहरु समेटेको हुनु पर्नेछ :-

(क) प्रस्ताव कार्यान्वयन हुनु अघिको अवस्था,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रस्ताव कार्यान्वयन भएपछिको अवस्थाको अनुमान,

(ग) प्रस्ताव कार्यान्वयन नभएमा पनि हुने भविष्यको अवस्थाको अनुमान ।

(५) कुनै प्रस्तावको कार्यान्वयनबाट हुने सापेक्षिक वातावरणीय प्रभावहरुको तुलनाका लागि प्रस्तावसंग आबद्ध हुने परिमाण, सीमा तथा अवधि जस्ता प्रभावका प्रकारहरुलाई सुनिश्चित गर्न सम्बन्धित प्रस्तावको मूल्याङ्कन खाका निर्धारण गर्नु पर्नेछ ।

१७. **वातावरणीय प्रभावहरुको तह निर्धारण:** (१) विभिन्न प्रकारको पूर्वानुमानित प्रभावको परिमाणात्मक मूल्याङ्कन गर्न संख्यात्मक मापको विकास गर्नु पर्नेछ । उदाहरणार्थ देहायको तह निर्धारण प्रकृया विभिन्न अध्ययनहरुमा प्रयोग गरिएको छ :-

| परिमाण | | भौगोलिक सीमा | | अवधि | |
|---|---|---|---|---|---|
| उच्च/बृहत | -६० | क्षेत्रिय | -६० | दीर्घकालीन | -२० |
| मध्यम | -२० | स्थानीय | -२० | मध्यम | -१० |
| निम्न/सामान्य | -१० | स्थलगत | -१० | अल्पकालीन | -५ |

(२) उपदफा (१) बमोजिमको तालिका अनुसार प्रभावको परिमाण, भौगोलिक सीमा र समयावधिका मानहरु जोड्दा अधिकतम १४० र न्यूनतम २५ अंक हुन आउँछ। यस प्रकारको तह निर्धारण पद्धति प्रस्तावहरुको विभिन्न विकल्पहरुको तुलनात्मक अध्ययन गर्नमा उपयोगी हुनेछ ।

(३) वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने निर्णयकर्ताहरुका लागि पूर्वानुमान कार्य उपयोगी बनाउन देहायका कुराहरुमा ध्यान दिनु पर्नेछ :-

(क) सही निर्णय गर्न आवश्यक पर्ने विकल्पहरुको पर्याप्तता,

(ख) अध्ययन तथा पूर्वानुमान गरिनु पर्ने वातावरणका अवयवहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(Elements),

(ग) पूर्वानुमान आधारित हुने माप,

(घ) विद्यमान वा निर्धारित हुनु पर्ने लक्ष्य वा निश्चित सीमा मापदण्ड (Threshold value),

(ङ) प्रस्तावको समयावधि एवं भौगोलिक सीमा तथा त्यसमा पुग्नु पर्ने तह,

(च) निर्णय गर्नका लागि स्वीकार्य तथ्याङ्कीय विश्वसनीय सीमा (Statistical Confidence Limits) ।

१८. **वातावरणीय प्रभावको न्यूनीकरण**: (१) साधारण अवस्थामा हुने विनाश भन्दा बढी विनाश गर्न सक्ने प्रभाव पहिचान भएमा त्यस्तो विशेष प्रभावलाई प्रस्तावको प्रारुप निर्धारण, कार्यान्वयन तथा समाप्ति पछिको अवस्थामा समेत न्यूनीकरणका उपायहरुको प्रभावकारी रुपमा अवलम्बन गरी सीमित गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको न्यूनीकरणका उपायहरुलाई प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रकृयाको नियमित अंगको रुपमा प्रस्तावको डिजाइन, निर्माण वा कार्यान्वयन तथा समाप्ति पछिको चरणमा समावेश गर्नु पर्नेछ ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कनले प्रस्तावको सम्भावित सबै प्रभाव तथा सो प्रभावलाई हटाउने वा सकेसम्म न्यून गर्ने र विभिन्न प्रस्तावित उपायहरुको क्षमता उल्लेख गर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (१), (२) र (३) मा उल्लेख भए बमोजिम प्रभावको न्यूनीकरण गर्नुका साथै राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को दफा २७ बमोजिम विकल्पहरुको खोजी, क्षतिपूर्तीका उपायहरु, सुधारात्मक उपायहरु र प्रतिरोधात्मक उपायहरुको अवलम्बन तथा प्रभाव कम गर्ने उपायको कार्यान्वयन समेत गरी वातावरणीय प्रभावको अनिवार्य रुपमा न्यूनीकरण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **विकल्पहरुको छनौट**: (१) प्रस्तावित प्रस्तावले परिलक्षित गरेको लक्ष्य प्राप्तिका बारेमा राम्ररी बुझ्न सो लक्ष्य प्राप्तिका विविध वैकल्पिक उपायहरुको प्रभावहरु तथा तिनीहरुको समाधानका उपायहरु पनि बेग्ला बेग्लै प्रस्तुत गर्नु पर्नेछ ।

(२) कुनै प्रस्ताव लागू नगरेको खण्डमा हुन सक्ने सकारात्मक वा नकारात्मक प्रभाव समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । यसबाट विभिन्न विकल्पहरु तुलना गर्ने आधार मिल्नुको साथै अन्त्यमा स्वीकृत हुने विकल्पमा प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरु समावेश गर्न मद्दत पुग्नेछ ।

(३) प्रस्तावको सम्पूर्ण वा आंशिक कार्यक्रमको पनि विकल्प हुन सक्नेछ र सो प्रस्ताव कार्यान्वयन गर्ने स्थान, समय, कार्य तालिका, उपलब्ध वैकल्पिक प्रविधि तथा इन्धन आदि मध्ये कुनै एक, केही वा सबैको संयोजन पनि हुन सक्नेछ ।

## परिच्छेद – ७

## वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन (Evaluation)

२०. **वातावरणीय प्रभाव मूल्याङ्कनको पुनरावलोकन**: (१) वातावरणीय प्रभाव मूल्याङ्कनको अन्तिम प्रतिवेदन वन तथा भू-संरक्षण मन्त्रालयका साथै सम्बन्धित विभागका विशेषज्ञहरु, प्रस्तावक संस्था, दातृ संस्था र राष्ट्रिय योजना आयोगका विशेषज्ञ सहितको टोलीले मूल्याङ्कन समीक्षा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनरावलोकन टोलीले आवश्यक परेमा अन्य निकायका विशेषज्ञ समेतको राय, सल्लाह तथा प्रतिकृया लिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँच गर्नेछ ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको मस्यौदा तयार भएपछि सार्वजनिक प्रतिकृया, समीक्षा र पुनरावलोकनका लागि प्रस्तावकले सार्वजनिक रुपमा उपलव्ध गराउनु पर्नेछ ।

(४) वन क्षेत्रलाई महत्वपूर्ण तवरले प्रभाव पार्न सक्ने अन्य क्षेत्रका विकास सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको अन्तिम प्रतिवेदनको पुनरावलोकन टोलीमा वन तथा भू-संरक्षण मन्त्रालयका विशेषज्ञलाई पनि समावेश गर्नु पर्नेछ ।

२१. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था**: (१) वन क्षेत्रका प्रस्ताव कार्यान्वयन गरिएपछि त्यसको अनुगमन तथा मूल्याङ्कन गरिनेछ र वन क्षेत्रसंग महत्वपूर्ण ढंगले सरोकार राख्ने अन्य क्षेत्रका प्रस्तावको अनुगमन तथा मूल्याङ्कन गर्दा हेर्नु पर्ने मूल विषयहरु पनि निर्धारण गरी त्यस क्षेत्रका मूल्याङ्कन प्रणालीमा समावेश गर्नका लागि उपलब्ध गराउनु पर्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन प्रकृयाको प्रारम्भ मै देहायका कुराहरुमा विचार पुऱ्याई अनुगमन प्रणाली तयार गर्नु पर्नेछ :-

(क) अनुगमन गरिनु पर्ने कुराहरु,

(ख) अनुगमन प्रकृयाले उत्तर दिनु पर्ने महत्वपूर्ण सवालहरु,

(ग) आवश्यक अनुगमन प्रस्तावको प्रारुप,

(घ) अनुगमनमा लाग्ने समय र लागत ।

(३) सावधान तथा प्रभावकारी अनुगमन कार्य नीतिले योजनाकारलाई पूर्वानुमानित कुराहरु वास्तविक रुपमा उत्पन्न भए नभएको दृष्टिगत गर्न र भविष्यमा अझ प्रभावकारी योजना तथा निर्णय गर्ने प्रकृयाको विकास गर्न सघाउ पुऱ्याउने भएकोले अनुगमनलाई प्रभावकारी बनाउन यसलाई प्रस्ताव कार्यान्वयन हुनु अघिको, कार्यान्वयन भइरहेको र कार्यान्वयन भइसकेपछिका अवस्थाहरुमा संचालन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

955

(४) सम्भावित प्रभावहरुको अनुगमन सूचकहरु प्रस्तावको प्रारुप तयार गर्ने अवस्थामा नै पहिचान गरी प्रस्तावमा उल्लेख गर्नु पर्नेछ र प्रकृयागत रुपमा गरिने अनुगमन प्रस्तावमा वातावरणीय अनुगमनका सूचकहरु समाविष्ट गरिनु पर्दछ ।

(५) वातावरणीय प्रभाव अनुगमन तथा मूल्याङ्कन कार्यको जिम्मेवारी वन तथा भू-संरक्षण मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन महाशाखा र सम्बन्धित विभागको हुनेछ ।

(६) अनुगमनबाट संकलित तथ्याङ्क तथा सूचानाहरुको आवधिक रुपमा समीक्षा गरी सम्बन्धित समस्याको सम्भावित समाधानका उपाय पत्ता लगाउनु पर्नेछ र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले भविष्यमा गरिने मूल्याङ्कनको प्रमुख उद्देश्य तथा विषयहरुको प्रारुप तयार गर्नेछ ।

## परिच्छेद – ८

## वन क्षेत्रबाट शुरु नभएका तर वन क्षेत्रमा असर पार्ने प्रस्तावका लागि आवश्यक वातावरणीय प्रभाव मूल्याङ्कन

२२. **वन क्षेत्रलाई प्रभाव पार्न सक्ने प्रस्तावहरुः** (१) विद्युत जलाशयको निर्माणबाट वन डुब्ने, विद्युत् प्रसारण लाईन विस्तार गर्दा वन कटानी हुने, सडक बनाउँदा तथा खानीको क्रियाकलापबाट भू-क्षय हुने तथा वन फँडानीलाई सरल गराउने, पर्यटन र पदयात्रा जस्ता पर्यटन विकासका क्रियाकलापहरुबाट दाउराका लागि वन फाँडिने, वन्यजन्तुको वासस्थान नाश हुने जस्ता प्रभावहरु हुने भएकोले यस्ता वन क्षेत्रलाई प्रत्यक्ष वा परोक्ष रुपले असर पार्न सक्ने अन्य क्षेत्रका प्रस्तावहरु कार्यान्वयन गर्दा पनि वन क्षेत्रमा पर्ने वातावरणीय प्रभावको मूल्याङ्कन गर्नु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 200

२३. **अन्य निकायहरुले कार्यान्वयन गर्ने प्रस्तावमा वन र वन स्रोतलाई उचित प्रश्रय दिनु पर्नेः** (१) वन तथा भू-संरक्षण मन्त्रालय बाहेक अन्य निकायहरुले संचालन गर्ने वातावरणीय प्रभाव मूल्याङ्कनमा वन र वन स्रोतहरुलाई उचित प्रश्रय दिन देहायका बूँदाहरुमा ध्यान पुऱ्याउनु पर्नेछ :-

(क) वन क्षेत्र र वन स्रोत तथा त्यसको परिमाण, अवस्था तथा हैसियतमा पर्ने प्रभाव र त्यस्तो प्रस्तावको वन तथा भू-संरक्षण मन्त्रालयको क्षेत्रगत लक्ष्यसंगको सान्दर्भिकता,

(ख) त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वन र वन क्षेत्रमा पर्ने प्रभावको प्रकृति, गाम्भीर्यता तथा नकारात्मक असर हरुलाई रोक्ने वा न्यून गर्ने उपायहरुको विस्तृत विवरण,

(ग) त्यस्तो प्रस्तावको उपयुक्तता तथा त्यसले वन र वन स्रोतमा पार्ने असरको औचित्य तथा नकारात्मक असरलाई न्यून गर्ने वैकल्पिक प्रस्तावहरुको उपयुक्तता ।

(२) उपदफा (१) अनुसार अन्य निकायको प्रस्तावबाट वन क्षेत्र र वन स्रोत माथि असर पर्ने भएमा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समीक्षा एवं राय प्रतिकृयाका लागि सम्बन्धित निकायले अनिवार्य रुपमा वन तथा भू-संरक्षण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार प्राप्त प्रस्ताव वन क्षेत्र र वन स्रोतहरुको संरक्षण, त्यसको दीगो उपयोग तथा व्यवस्थापनको लागि संशोधन वा अस्वीकार गर्नु पर्ने भएमा वन तथा भू-संरक्षण मन्त्रालयले कारण तथा आधारहरु स्पष्ट खुलाई सो प्रस्तावको प्रारुप वा प्रकृया बदल्न वा थप अध्ययन गरी पेश गर्न सम्बन्धित निकायलाई अनुरोध गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 209

(४) वन तथा भू-संरक्षण मन्त्रालय बाहेक अन्य मन्त्रालय वा निकायबाट संचालन हुने प्रस्तावबाट वन क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावहरुको द्योतक सूची (Indicative list) अनुसूची-५ मा लेखिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## विविध

२४. **राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख नभएका कुराहरुको हकमा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० बमोजिम हुनेछ र यो निर्देशिकाका कुराहरु राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिकासंग बाझिएको अवस्थामा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० बमोजिम नै हुनेछ ।

२५. **वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा:** यस निर्देशिकाको प्रयोजनको निमित्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को अनुसूची-५ मा उल्लेख भए बमोजिमको हुनेछ ।

२६. **अनुसूचीमा हेरफेर वा थपघट:** वन तथा भू-संरक्षण मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ९ को उपदफा (३) संग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने प्रस्तावहरु

१. नर्सरी स्थापना तथा सञ्चालन गर्ने प्रस्ताव ।

२. प्राकृतिक वन पुनरुत्थान कार्यक्रम सम्बन्धी प्रस्ताव ।

३. सानो क्षेत्रमा (बढीमा ५० हे.) परीक्षण वृक्षारोपण (स्वदेशी तथा आयातीत प्रजाति दुबै) सम्बन्धी प्रस्ताव ।

४. एउटै ब्लकमा तराईमा १५० हेक्टर वा सो भन्दा कम र पहाडमा ५० हेक्टर वा सो भन्दा कम क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी विरुवाको रोपण सम्बन्धी प्रस्ताव ।

५. विरुवा वितरण ।

६. स्थानीय (स्वदेशी) विरुवाको मिश्रित वृक्षारोपणको प्रस्ताव ।

७. जुनसुकै ठाउँको वन सीमाङ्कन कार्य र २० कि.मि. भन्दा कमको अग्नी संरक्षण रेखा र ५ कि. मि. भन्दा कमको पहाडी वनपथ निर्माण गर्ने प्रस्ताव ।

८. साधारण प्रकृतिका भू-उपयोग परिवर्तन नहुने सवै भू-संरक्षण गर्ने प्रस्तावहरु ।

९. विद्यमान वनस्पति उद्यान र राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रमा सालवसाली हुने निर्माण तथा सम्भारका कार्यहरु सम्बन्धी प्रस्ताव ।

१०. वन क्षेत्रमा बनाइने नयां वनस्पति उद्यान र चिडियाखानाहरु सम्बन्धी प्रस्ताव ।

११. वन र वृक्षारोपण क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पति समेतको खेती सम्बन्धी प्रस्ताव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. जडीबुटी फार्मको विकास सम्बन्धी प्रस्ताव ।

१३. जडीबुटी र सुगन्धित वनस्पतिको स्थानीय स्तरमा प्रशोधन सम्बन्धी प्रस्ताव ।

१४. पूर्ण वन फँडानी र प्रशोधन प्रविधि प्रयोग नगर्ने वनजन्य उद्योगको विकासमा सहयोगी उद्योग जस्तै- लोक्ता, फर्निचर, बबिन, पार्केटिङ्ग र वार्षिक १० हजार क्यूबिक फिट सम्म काठ प्रयोग गर्ने स:मिल संचालन सम्बन्धी प्रस्ताव ।

१५. सामुदायिक वन हस्तान्तरण गर्ने र वन सम्बन्धी कार्य योजना बनाउने कार्यक्रम ।

## अनुसूची-२

**(दफा ९ को उपदफा (४) संग सम्बन्धित)**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्ने प्रस्तावहरु

१. तराईमा १५० हेक्टर भन्दा बढी २५० हेक्टरसम्म र पहाडमा ५० हेक्टर भन्दा बढी १०० हेक्टरसम्म क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा रोपण गर्ने प्रस्ताव ।

२. परीक्षण भई उपयुक्त ठहर भएका आयातित प्रजाति तराईमा ५० हेक्टर भन्दा बढी र पहाडमा २५ हेक्टर भन्दा बढी क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने प्रस्ताव ।

३. रुखको जरा निकाल्ने, पात झिक्ने (रुख ठूटो हुने गरी), बोक्रा निकाल्ने र सालको बिउ संकलन गने जस्ता कार्यक्रम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
208

४. तराईमा १५० हेक्टर भन्दा बढी २५० हेक्टरसम्म र पहाडमा ५० हेक्टर भन्दा बढी १०० हेक्टरसम्म क्षेत्रफलको वन एकै कवुलियतमा कवुलियती वनको रुपमा दिने प्रस्ताव ।

५. भू-उपयोगमा धेरै परिवर्तन हुने भू-संरक्षण र जलाधार व्यवस्थापन योजना तर्जुमा गर्ने प्रस्तावहरु ।

६. ५ हेक्टर भन्दा बढी क्षेत्रफल भएको वालुवा संकलन गर्ने वा संरक्षण पोखरी (Catchment pond) भएको भू-संरक्षण प्रस्तावहरु ।

७. संरक्षित जलाधार वा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको जलाधार व्यवस्थापन योजना बनाउने प्रस्ताव।

८. वन क्षेत्र बाहिर सार्वजनिक र नीजि क्षेत्रमा नयां वनस्पति उद्यान र चिडियाखाना बनाउने प्रस्ताव ।

९. विद्यमान संरक्षण क्षेत्र वन क्षेत्र भित्र बढाउने प्रस्ताव ।

१०. नयां राष्ट्रिय निकुञ्ज स्थापना गर्ने प्रस्ताव ।

११. आयातीत विभिन्न प्रजातिका जनावरहरु प्रतिस्थापन सम्बन्धी प्रस्ताव ।

१२. ५ हेक्टर क्षेत्रफल भन्दा कमको वन सरपट फँडानी सम्बन्धी प्रस्ताव ।

१३. नयां वन्य जन्तु आरक्षण तथा संरक्षण क्षेत्र स्थापना सम्वन्धी प्रस्ताव ।

१४. राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र (मध्यवर्तिको क्षेत्र समेत) मा पर्यटन प्रवर्द्धन गर्ने प्रस्ताव ।

१५. नयां वन क्षेत्रमा वन्यजन्तुको स्थानान्तरण सम्वन्धी प्रस्ताव ।

१६. सार्वजनिक वुट्यान क्षेत्रमा जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि नयां जडीबुटी केन्द्र स्थापना गर्ने प्रस्ताव ।

१७. निर्दिष्ट संकलन विधि (Process Technology) अपनाउने वा प्रदूषण नहुने जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक संकलन वा औद्योगिक प्रशोधन सम्बन्धी प्रस्ताव ।

१८. साना वनस्पतिमा आधारित पल्प र कागज उद्योग, सुनगाभा, झ्याउ, अल्लो, ट्यानिन, जडीबुटी संकलन गर्ने उद्योग र वार्षिक १०,००० देखि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१,००,००० घन फिट सम्म काठ प्रयोग गर्ने स:मिल जस्ता प्रशोधन प्रविधि प्रयोग नगर्ने साना उद्योग संचालन सम्बन्धी प्रस्ताव ।

१९. ५ . कि.मि. भन्दा लामो पहाडीं वनपथ र २० कि.मि. भन्दा लामो अग्नी संरक्षण रेखा निर्माण गर्ने प्रस्ताव ।

२०. वन क्षेत्रमा संचालन गर्न प्रस्ताव भएका ढुङ्गा खानी, कोइला खानी, बालुवा संकलन र अन्य खनिज पदार्थ निकाल्ने सम्बन्धी प्रस्ताव ।

## अनुसूची-३
### (दफा १० संग सम्बन्धित)

## वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरु

१. वन व्यवस्थापन योजना तयार गर्ने सम्बन्धी प्रस्ताव ।

२. तराईमा २५० हेक्टर भन्दा बढी र पहाडमा १०० हेक्टर भन्दा बढी क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा रोपण गर्ने प्रस्ताव ।

३. तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढी क्षेत्रफलमा परीक्षण भएका आयातित प्रजातीका विरुवा एकै ठाउँमा रोपण गर्ने प्रस्ताव ।

४. तराईमा २५० हेक्टर भन्दा बढी र पहाडमा १०० हेक्टर भन्दा बढी क्षेत्रफलको वन एकै कबुलियतमा कबुलियती वनको रुपमा दिने प्रस्ताव ।

५. सबै प्रकारका वन क्षेत्र एवं संरक्षित क्षेत्रमा पर्यटनको लागि नयां रिसोर्ट होटल र सफारी तथा शिक्षण संस्था, अस्पताल र उद्योग स्थापना गर्ने वा अन्य निमार्ण कार्य सम्बन्धी प्रस्ताव ।

६. सार्वजनिक वनको फँडानी गरी व्यावसायिक उत्पादनको लागि नयां जडीबुटी केन्द्रको स्थापना सम्बन्धी प्रस्ताव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 2080

७. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्रहरुमा संचालन हुने विकास प्रस्तावहरु ।

८. ५ हेक्टर क्षेत्रफल भन्दा बढी वन सरपट फँडानी सम्बन्धी प्रस्ताव ।

९. कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधन प्रविधि प्रयोग हुने रोजिन र टर्पेन्टाइन, रबर, प्लाइउड र भेनिर, कत्था र काठमा आधारित सलाई, पल्प र कागज उद्योग, दाउरा बढी खपत गर्ने अलैंची र चिया जस्ता मध्यम र ठूला उद्योग वन क्षेत्रको १ कि.मि. को रेडियसमा स्थापना सम्बन्धी प्रस्ताव ।

१०. फोहर तथा प्रदूषक फाल्ने जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक तथा औद्योगिक प्रशोधन सम्बन्धी प्रस्ताव ।

११. स:मिल, ईटा, टायल र सूर्ती प्रशोधन जस्ता उद्योग वन क्षेत्रको ५ कि. मि.को रेडियसमा स्थापना गर्ने प्रस्ताव ।

१२. वार्षिक एक लाख क्यूबिक फिट भन्दा बढी काठ प्रयोग गर्ने स:मिल स्थापना सम्बन्धी प्रस्ताव ।

द्रष्टव्य:- भविष्यमा निश्चित सीमाका आधारहरु (Threshold criteria) परिभाषित गर्न सकिने छ ।

कुनै कुनैमा यस्ता निश्चित सीमालाई नयां आधारहरु विकास पनि गर्नु पर्नेछ ।

साना, मध्यम र ठूला उद्योगको वर्गीकरण औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४

### (दफा १५ को उपदफा (१) संग सम्बन्धित)

## कार्य सूचीको ढाँचा

१. परिचय:

(क) कार्य सूचीको उद्देश्य,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने जिम्मेवार निकाय वा व्यक्ति ।

२. वातावरणीय प्रभाव मूल्याङ्कनका मार्ग-दर्शनहरु:

यसमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि र पालना गर्नु पर्ने सामान्य मार्ग-दर्शनहरु दिनु पर्दछ ।

३. पृष्ठभूमि:

(क) अध्ययनको पृष्ठभूमिको सामान्य विवरण तथा सान्दर्भिक प्रतिवेदनहरुको उल्लेख ।

(ख) प्रस्ताव तथा प्रस्ताव कार्यान्वयन स्थल सम्वन्धी पृष्ठभूमिको अध्ययन र प्रतिवेदनहरुको विवरण ।

(ग) प्रस्ताव सम्बन्धी नीति र ऐन, नियमको उल्लेख ।

(घ) स्थानीय क्षेत्रको योजनाको सान्दर्भिकताको उल्लेख ।

४. वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी विशेष मार्ग निर्देशनहरु:

(क) वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा विस्तृत अध्ययन गर्नु पर्ने वातावरणीय पक्षहरुको विवरण सूचीबद्ध गर्नु पर्दछ । मूल्याङ्कन गरिनु पर्ने प्रत्येक वातावरणीय पक्षका सूचकहरु ऋतुको (Seasonal) विभिन्नतालाई समेत मध्य नजर गरी तोक्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने ।

(ख) संभाव्य प्रतिकूल प्रभाव घटाउन आवश्यक पर्ने कार्यहरु जस्तै- स्थानान्तर गर्ने, कर बढाउने, क्षतिपूर्ति दिने आदि बारेमा उल्लेख गर्ने ।

(ग) प्रस्तावको लागत तथा फाइदाको विश्लेषण र त्यसको वातावरणीय प्रभाव समेतको परिप्रेक्षमा मूल्याङ्कन गर्ने ।

(घ) प्रस्ताव कार्यान्वयन हुंदा र त्यसपछि वातावरणमा पर्ने वास्तविक प्रभावको मूल्याङ्कनको बारेमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा अनुगमनको प्रस्ताव गर्नु पर्ने ।

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रस्तावमा निम्न लिखित कामहरु हुनु पर्दछ :-

(१) गर्नु पर्ने हरेक कामको बारेमा पर्याप्त रुपमा उल्लेख ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्ने प्रस्तावित कार्य योजनाको उल्लेख गर्ने ।

(३) अध्ययनका क्रममा आवधिक समीक्षा गर्ने ।

(४) प्रस्तावित प्रस्तावको अध्ययन टोलीका लागि आवश्यक पर्ने दक्षता र विशेषज्ञहरुको विवरण दिने ।

(च) प्रस्ताव संचालन गर्न उचित छ वा छैन अथवा प्रस्तावले उत्पन्न गर्ने जोखिम स्वीकार गर्न सकिने किसिमको छ वा छैन भन्ने बारेमा निष्कर्ष दिने ।

५. समय सीमा:

(क) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पूरा गर्न चाहिने समय तोक्ने (उदाहरणको लागि ३ देखि १२ महिना) ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन अन्तर्गत हुने कामहरु र उक्त कामहरु सम्पन्न हुने मिति उल्लेख गर्ने ।

६. वजेटः

वातावरणीय प्रभाव मूल्याङ्कन र यस्को प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेटको बाँडफाँड उल्लेख हुनु पर्दछ ।

७. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन ढाँचाः

वन क्षेत्रको लागि तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा उल्लिखित ढाँचा अनुरुप हुनेछ र यसमा जन सहभागिताको पक्ष समावेश गरिएको हुनु पर्नेछ।

८. अन्य सान्दर्भिक सूचना

९. सन्दर्भ सूची

१०. परिशिष्टहरु, नक्शाहरु, फोटोहरु, चित्रहरु, तालिकाहरु, प्रश्नावली आदि

स्वीकृति दिने अधिकृतको-

नाम, थर :-
दर्जा :-
हस्ताक्षर:-
मिति:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ५

(दफा २३ को उपदफा (४) संग सम्बन्धित)

## वन तथा भू-संरक्षण मन्त्रालय बाहेक अन्य मन्त्रालय वा निकायहरुका क्रियाकलापबाट वन क्षेत्रमा पर्न सक्ने सम्भावित नकारात्मक असरहरुको द्योतक सूची

| क्र.सं. | क्षेत्र | सम्भावित नकारात्मक असरहरु |
|---|---|---|
| १. | जलस्रोत:<br>- जलविद्युत<br>- बाँध<br>- जलाशय<br>- विद्युत प्रशारण लाइनहरु | डुवाउ, पानी जम्ने, भूस्खलन, वन फँडानी, वासस्थान परिवर्तन, जैविक विविधताको ह्रास, लवणीकरण, बाढी, वन्य जन्तु तथा जलचरको संख्यामा ह्रास, भूमिगत पानीको सतहमा परिवर्तन आदि । |
| २. | यातायात र सञ्चार:<br>(क) सडक<br>(ख) हवाई मैदान<br>(ग) रज्जुमार्ग<br>(घ) केबल तार विस्तार प्रसारण केन्द्र, टावर | स्थानीय रुपमा पानी जम्ने, अतिक्रमण बढ्ने, वन फँडानी, तिव्रतर भू-क्षय, जलाधार क्षेत्रको ह्रास, वन्यजन्तुलाई खतरा, वन्यजन्तुको अवैध शिकार तथा वनजन्य श्रोतको चोरी आदि । |
| ३. | उद्योग:<br>(क) उत्पादन मूलक<br>(ख) प्रशोधन<br>(ग) खानी र उत्खनन | वनजन्य श्रोतको ह्रास, वन फँडानी, भू-क्षय, माटो र पानीको प्रदूषण, वासस्थानको विनाश, प्राकृतिक सौन्दर्यमा ह्रास, वन्यजन्तु माथि खतरा आदि । |
| ४. | पर्यटन:<br>- पैदल यात्रा र हिमाल चढ्ने<br>- संरक्षित क्षेत्रमा क्याम्पिङ्ग<br>- संरक्षित क्षेत्रमा पर्यटन प्रवर्द्धन | वन फँडानी, फोहरमैला थुप्रने, भू-क्षय, वन्यजन्तुको वासस्थानको विनाश प्राकृतिक पारिस्थितिक प्रणालिमा हस्तक्षेप, संकटापन्न अवस्थामा रहेका प्राणी र वनस्पति माथि खतरा आदि । |
| ५. | उर्जा: | वन फँडानी, वन्यजन्तु वासस्थानको विनाश तथा जैविक विविधतामा ह्रास, भू-क्षय, वन अतिक्रमण आदि |
| ६. | कृषि:<br>(क) वाली<br>(ख) पशुपालन<br>(ग) मत्स्यपालन<br>(घ) कृषिजन्य उद्योग | भू-क्षय, वन्यजन्तु वासस्थानको विनाश, नयां रोग र किराबाट संक्रमण हुन सक्ने जोखिम, किटनाशक तथा रासायनिक मलको प्रयोगबाट पानी र माटो प्रदूषण आदि । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

294

| | | |
|---|---|---|
| ७. | अन्य:<br>क) शहरी विकास<br>ख) ग्रामिण विकास | वन फँडानी, भू-क्षय, वासस्थानको विनाश, दुर्लभ प्राणी तथा वनस्पति माथि खतरा, अतिक्रमण आदि । |

आज्ञाले,

**श्रीराम पौडेल**

श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

स्वास्थ्य मन्त्रालयका सचिव श्री जीतबहादुर कार्की विश्व स्वास्थ्य संगठन अन्तर्गत थाइल्याण्डको स्वास्थ्य सम्बन्धी अध्ययन भ्रमणको सिलसिलामा थाइल्याण्डको राजधानी बैंकक तर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह सचिव श्री युवराज शर्मालाई मिति २०५२।३।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

**बलराम सिंह मल्ल**

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूल सुधार

खण्ड ४५ संख्या १५ नेपाल राजपत्र भाग ४ मिति २०५२।४।८ मा प्रकाशित यस मन्त्रालयको सूचनामा "श्री ५ को सरकारले मिति २०५२।२।१५ को निर्णयानुसार" हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

**निर्माण तथा यातायात मन्त्रालय ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।